# कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण


सीता के.सी.

परीक्षा क्रमाङ्क : ७२२८१०६/०७५

त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-३११-३०७-२००९


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**


नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर


२०७६/२०१९


कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण

सीता के.सी.


८९/०७६

# प्रतिबद्धतापत्र

‘कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण’ शीर्षकमा शोधपत्र तयार पार्दा प्रयोग उपयोगमा ल्याएका शोध प्रतिवेदनभित्रका सामग्रीहरू नितान्त मौलिक हुन् । प्रस्तुत शोधपत्रमा आवश्यकताअनुसार स्रोत खुलाएर वाक्यांश तथा वाक्यहरू साभार गरिएको छ । यस शोधपत्रका अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । अतः यो शोधपत्र नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

.......................

सीता के.सी.

शोधार्थी

मिति : २०७६/३/१५

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर तह चौथो सत्रकी छात्रा सीता के.सी.ले 'कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण' शीर्षकको शोधपत्र मेरो निर्देशनमा रहेर तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

उपप्रा.डा. राजेन्द्र खनाल

शोधनिर्देशक

मिति : २०७६/४/५

July 21, 2019

शिक्षाशास्त्र केन्द्रीय विभाग
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको आवश्यकता पूर्तिका लागि छात्रा सीता के.सी.द्वारा 'कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण' शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ........................ |
| २. | प्रा.डा. रामचन्द्र लंसाल (शोधविशेषज्ञ) | ........................ |
| ३. | उपप्रा.डा. राजेन्द्र खनाल (शोधनिर्देशक) | ........................ |

मिति : २०७६/४/२०
August 5, 2019

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र 'कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण' शीर्षकमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको आवश्यकता पूरा गर्ने प्रयोजनका लागि तयार पारिएको हो । यो शोधपत्र तयार पार्ने क्रममा शोध शीर्षक छनोटदेखि लिएर सामग्री सङ्कलन, लेखन, परिमार्जन साथै पूर्णता प्राप्त गरुञ्जेलको समयमा अनेकौँ व्यस्तता हुँदाहुँदै पनि शब्द शब्दमा सहज र सचेत बनाउँदै समुचित मार्गनिर्देशन गर्नुहुने मेरा शोधनिर्देशक नेपाली भाषा शिक्षा विभागका आदरणीय गुरु उपप्रा.डा. राजेन्द्र खनालज्यूप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

शोध शीर्षक चयनदेखि शोधपत्रलाई यस रूपमा ल्याई पुऱ्याउन उचित सल्लाह, सुझाव र सहयोग गर्नु हुने विभागीय प्रमुख श्रद्धेय गुरु प्रा.डा. रामप्रसाद भट्टराईज्यूप्रति कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै गरी प्रस्तुत शोध विषयमा शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक हौसला तथा सल्लाह दिनुहुने नेपाली नेपाली भाषाशिक्षा विभागका आदरणीय गुरु तथा गुरुआमाहरूमा हार्दिक कृतज्ञता तथा श्रद्धाभाव व्यक्त गर्न चाहन्छु । त्यसैगरी मेरो जीवनको हरेक क्षेत्रमा अविछिन्न आशीर्वाद दिँदै यहाँसम्म ल्याइपुऱ्याउनु हुने पूजनीय बुबा केशबहादुर क्षेत्री (के.सी.), पूजनीय आमा उजेली कुमारी क्षेत्री (के.सी.) आदरणीय दिदीहरू र परिवारप्रति आजन्म ऋणी छु साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सहपाठी साथीहरूलाई सम्झन चाहन्छु ।

अन्त्यमा शोधकार्य सम्पन्न गर्ने क्रममा शुद्धीकरण र टङ्कन गरिदिनुहुने कीर्तिपुरस्थित 'जी' कम्प्युटर सेन्टरप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

शोधार्थी
सीता के.सी.
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि. कीर्तिपुर

## शोधसार

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाल भाषा शिक्षा स्नातकोत्तर तह चौथो सत्रअन्तर्गतको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत शोधपत्रको शीर्षक 'कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण' रहेको छ । प्रस्तुत शोधमा कक्षा चारको नेपाली पाठ्यपुस्तक निर्माण रहेको छ । प्रस्तुत शोधमा कक्षा चारको नेपाली पाठ्यपुस्तकका लागि नमुना पाठ छनोट र स्तरण गर्नु र कक्षा चारको नेपाली पाठ्यपुस्तकका लागि नमुना अभ्यास निर्माण गर्नु जस्ता उद्देश्यहरू राखिएका छन् ।

प्रस्तुत शोधपत्रमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर, शिक्षक निर्देशिका, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ तथा पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित कक्षा चारको मेरो नेपाली भाषा पाठ्यपुस्तकलाई प्राथमिक स्रोतका रूपमा लिइएका छ र नेपाली विषयमा तयार पारिएका पाठ्यपुस्तकहरू, विभिन्न पुस्तकहरू, पत्रपत्रिका, टिप्पणी, पूर्वकार्यहरू, अध्ययन प्रतिवेदन, शोधपत्रहरू र नमुना पाठ तथा व्याकरण कृतिहरूलाई राम्ररी सङ्कलनको द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

प्रस्तुत शोधपत्रको निष्कर्षलाई निम्नलिखित बुँदाद्वारा स्पष्ट पारिएको छ :

(क) विधा छनोटमा कविता, कथा, निबन्ध र चिठीलाई समावेश गरिएको छ ।

(ख) नमुना अभ्यास निर्माणमा भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) तथा सिर्जनात्मक पक्षलाई मध्यनजर गरिएकोछ ।

(ग) पाठ्यवस्तु छनोटमा विद्यार्थीको स्तर, उमेर, रुचि र क्षमता जस्ता कुराहरूलाई ध्यानमा राखी छनोट गरिएकोछ ।

(घ) विधा छनोटमा समावेश पक्षलाई समेत ख्याल गरिएको छ ।

(ङ) विधागत परिचय विधागत उद्देश्यसमेत सामान्य रूपमा प्रस्तुत गरिएको छ ।

(च) निबन्ध विधाको माध्यमबाट बोध तथा अभिव्यक्ति क्षमताको विकास गराउनु रहेको छ ।

(छ) सुनाइ सिपमा शिक्षकबाट अनुच्छेद सुनी अभ्यास गर्न प्रेरित गरिएको छ ।

(ज) बोलाइ सिपमा मौखिक प्रश्नोत्तर गर्न प्रेरित गरिएको छ ।

(झ) शब्द ज्ञानमा शुद्धोच्चारण शब्द र अर्थ वाक्यमा प्रयोग, शुद्ध लेखन शब्द खोज जथस्ता अभ्यास समावेश गरिएको छ ।

(ञ) सस्वरपठन अभ्यासलाई समेत यथोचित स्थान दिएको छ ।

(ट) पठनबोधमा ठिक बेठिक छुट्याउने छोटो प्रश्नोत्तर, लामो प्रश्नोत्तर व्याख्या, खाली ठाउँ भर्ने जोडा मिलाउने जस्ता अभ्यास समावेश गरिएको छ ।

(ठ) सिर्जनात्मक अभ्यासमा विधा अनुरूपका निर्देशित र स्वतन्त्र अभ्यास समावेश गरिएको छ ।

# सङ्क्षेपीकरण सूची

| सङ्क्षेपीकृत सूची | पूर्ण रूप |
|---|---|
| उपप्रा. | उपप्राध्यापक |
| क्र.सं. | क्रम सङ्ख्या |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| डा. | डाक्टर |
| नेपा.शि | नेपाली शिक्षा |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |

# विषयसूची

पृष्ठ

## अध्याय एक
## शोधपरिचय

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४ | अध्ययनको सान्दर्भिकता र उपयोगिता | ४ |
| १.५ | अध्ययनको परिसीमा | ४ |
| १.६ | अध्ययनको रूपरेखा | ५ |

## अध्याय दुई
## पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

| | | |
|---|---|---|
| २.१ | पूर्वकार्यको पुनरावलोकन | ६ |
| | २.१.१ पुस्तक पुनरावलोकन | ६ |
| | २.१.२ शोधकार्यको पुनरावलोकन | ८ |
| २.२ | सैद्धान्तिक अवधारणा | ११ |
| | २.२.१ पाठ्यपुस्तकको परिचय | ११ |
| | २.२.२ पाठ्यपुस्तकका विशेषता | १३ |
| | २.२.३ पाठ्यपुस्तक निर्माणका आधारहरू | २० |

## अध्याय तीन
## अध्ययन विधि र प्रक्रिया

| | | |
|---|---|---|
| ३.१ | अध्ययन विधि | २३ |
| ३.२ | अध्ययन प्रक्रिया | २३ |
| ३.३ | सामग्रीका स्रोतहरू | २३ |
| | ३.३.१ प्राथमिक स्रोत | २३ |
| | ३.३.२ द्वितीयक स्रोत | २३ |
| ३.४ | अध्ययनको क्षेत्र | २३ |
| ३.५ | निर्माण प्रक्रिया | २४ |

## अध्याय चार

## व्याख्या तथा विश्लेषण


कथा २५

चिठी ३४

निबन्ध ३९

कविता ४५


## अध्याय पाँच

## सारांश, निष्कर्ष र उपयोगिता


५.१ सारांश ५२

५.२ निष्कर्ष ५२

५.३ उपयोगिता ५३

५.३.१ नीतिगत तह ५३

५.३.२ प्रयोगगत तह ५४

५.४ सुझावहरू ५५

**सन्दर्भसामग्री सूची** **५६**

**व्यक्तिवृत्त**